# नीलकण्ठ राजपत्र

## नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९) धादिङवेसी, धादिङ (संख्याः २ मितिः २०८२।०३।२४


## भाग – २

## नीलकण्ठ नगरपालिका

### नीलकण्ठ नगरपालिका आन्तरीक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि,२०८२

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०३।०४**

**प्रस्तावना**

नगरपालिकाको समग्र विकासको लागि नगरपालिकामा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकाले देहाय वमोजिमको **आन्तरीक आय संकलन(ठेक्का बन्दोबस्त) कार्यविधि, २०८२** बनाई पारित गरेको छ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**आन्तरीक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।

(ख) "नगरपालिका" भन्नाले नीलकण्ठ नगरपालिकालाई जनाउँछ ।

(ग) "सभा" भन्नाले नीलकण्ठ नगरपालिकाको नगर सभालाई जनाउँछ ।

(घ) “कार्यपालिका” भन्नाले नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ।

(ङ) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुखलाई जनाउँछ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) “सिलबन्दी दरभाउपत्र” भन्नाले नगरपालिकाको सूचना बमोजिम कुनै निर्माण कार्य गर्न वा मालसामान, परामर्श सेवा वा अन्य सेवा उपलब्ध गराउनको लागि ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सिलबन्दी खाम भित्र मूल्य समेत उल्लेख गरी पेश गरेको विवरण सम्झनुपर्छ ।

(ज) “बोलपत्र” भन्नाले सार्वजनिक निकायले खरिदका लागि प्रकाशन गरेको सूचना अनुरुप सो निकायले तोकेको ढाँचामा बोलपत्रदाताले पेश गरेको मूल्य खुल्ने कागजात, प्रस्ताव वा दररेट सम्झनु पर्छ ।

(झ) “बोलपत्र सम्वन्धी कागजात” भन्नाले बोलपत्रदाताले मूल्य वा प्रस्ताव वा दररेट भरी वा तयार गरी पेश गर्नका लागि बोलपत्र आह्वान गर्ने सम्बन्धित सार्वजनिक निकायले तयार गरेको लिखत सम्झनु पर्छ र सो शब्दले बोलपत्रदातालाई दिइएको निर्देशन, स्पेशिफिकेशन, नक्सा, डिजाईन, कार्यक्षेत्रगत शर्तहरु(टर्मस अफ रेफरेन्स), कार्यतालिका, मूल्याङ्कनका आधार, परिमाण सूची, सम्झौताका शर्तहरु र यस्तै अन्य कागजात समेतलाई जनाउनेछ।

(ञ) “ठेक्का” भन्नाले नगरपालिकाले यस ऐन नियमावलीको प्रकृया पूरा गरी बोलपत्र वा सिलबन्दी दरभाउपत्र वा अन्य कुनै माध्यमबाट आय संकलन गर्ने सम्झौता गरेको कार्य सम्झनुपर्छ।

(ट) “ठेक्का सम्झौता” भन्नाले यस ऐन नियमावली वा प्रचलित कानून बमोजिम नगरपालिकाको आन्तरिक आय उठाउन नगरपालिका र अन्य कुनै पक्षबीच शर्त राखी गरिएको सम्झौता सम्झनु पर्छ ।

(ठ) “कबोल अङ्क (बिड प्राइस )" भन्नाले कुनै बोलपत्रको परीक्षण र मूल्याङ्कन समेतबाट कायम हुन आएको रकम सम्झनु पर्छ ।

(ड) “सम्झौता मूल्य (कन्ट्र्याक्ट प्राईस)” भन्नाले खरिद सम्झौतामा उल्लिखित खरिद मूल्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्झौता अन्तर्गत भेरिएसन आदेश जारी गरिएकोमा त्यस्तो आदेश बमोजिम भएको काम, नाप जाँच गर्दा कायम भएको मूल्य र मूल्य

समायोजन भएकोमा त्यस्तो समायोजनबाट कायम भएको खरिद मूल्य समेतलाई जनाउँछ ।

(ढ) "बहुबर्षीय सम्झौता" भन्नाले एक वर्ष भन्दा बढी अवधि भएको सम्झौता सम्झनु पर्छ।

(ण) "धरौटी रकम" भन्नाले कुनै काम टुङ्गो नलागेसम्म सुरक्षण बापत राखिएको रकम रिटेन्सन मनी वा अर्नेष्ट मनी वा सो बापतको बिडबण्ड, पर्फर्मेन्स बण्ड सम्झनु पर्छ र सो शब्दले अन्य कुनै कारणले राखिएको धरौटी रकम समेतलाई जनाउनेछ ।

(त) "बढाबढ" भन्नाले यस ऐन/नियमावली बमोजिम स्थानीय निकायको आन्तरीक आय उठाउन ठेक्का बन्दोबस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरुबाट डाँक बोलाई गरिएको बढाबढ सम्झनु पर्छ।

(थ) "डाँक" भन्नाले बढाबढ हुँदा ठेक्का लिन चाहने व्यक्तिले सो ठेक्का सम्बन्धमा कबुल गरेको नगद वा जिन्सीको अङ्क सम्झनु पर्छ ।

(द) "अमानत" भन्नाले नगरपालिका आफैंले सिधै सम्पन्न गर्ने कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ ।

## परिच्छेद २
## ठेक्का वन्दोवस्त

३. **आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेः** (१) ऐन र नियमावलीको अधीनमा रही नगरपालिकाको नगर सभाले निर्णय गरे अनुसारको करको दर, सेवा शुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ।

तर नगरपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा पाँच वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "आन्तरिक आय" भन्नाले नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक स्थानीय निकायले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय सरकारको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपदफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन् ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ। यसरी ठेक्का वन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछः

(क) आगामी आर्थिक वर्षको लागि आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नु पर्नेछ।

(ख) खण्ड(क)बमोजिम असुली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि नगरसभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ।

(ग) खण्ड(क) बमोजिमको कार्यान्वयन कार्ययोजनाको आधारमा कुनै आन्तरिक आय एकलाख पचास हजार रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र एकलाख पचास हजार रुपैयाँ भन्दा बढी उठ्ने भएमा बोलपत्र/सिलवन्दी दरभाउपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ।

(घ) खण्ड(ग)बमोजिम बोलपत्र/सिलवन्दी दरभाउपत्र आह्वान गर्दा दशलाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना बोलपत्र माग गर्ने कार्यालय तथा जिल्लास्थित कार्यालयको सूचना पाटीमा सवैले देख्ने गरी सूचना टाँस गरी सोको मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ। दशलाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछः

(अ) साबिकमा ठेक्कालागि आएको भए कति रकम र के शर्तमा ठेक लागेको हो सो कुरा,

(आ) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(इ) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(ई) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(उ) बोलपत्र फारम प्राप्त हुने स्थानः स्थान खुलाउँदा नगर कार्यपालिकाको कार्यालय र नगरपालिकाको निर्णयले अन्य कार्यालय समेतलाई समावेश गर्न सकिने वा इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिनेछ। यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ,

(ऊ)बोलपत्र पठाउनु पर्ने तरिकाः बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम नगर कार्यपालिकाको कार्यालय तथा नगर कार्यपालिकाको निर्णय बमोजिमको कार्यालयलाई समेतलाई समावेश गर्न सकिनेछ ।

(ऋ) बोलपत्र बापत लाग्ने मूल्य, बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान, बोलपत्र उपर निर्णय हुने मिति, जमानत बापत राख्नु पर्ने रकम वा बैंङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि, अन्य आवश्यक कुराहरु ।

(च) खण्ड (ङ) को उपखण्ड (८) बमोजिम बोलपत्र फारमका दस्तुर अनुसुची १ बमोजिम हुनेछ।

(छ) खण्ड (ङ) बमोजिम प्रकाशन सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले बोलपत्र दिंदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधि यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित

ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः—

(अ) बढाबढ हुने नीलकण्ठ नगरपालिकाको कार्यालय वा अन्य कुनै स्थान,

(आ) बढाबढ हुने समय र मिति,

(इ) अन्य आवश्यक कुराहरु ।

(५) उपदफा (४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबुल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबुल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो नीलकण्ठ नगरपालिकाको नाममा उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको सूचनामा पचहत्तर दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ।

तर वढावढ गर्दा पनि नगरपालिकाले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा नगर स्तरीय राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयबमोजिम आवश्यक प्रकृया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

(६) ऐन/नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

तर कुनै ठेक्काको चलान पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत नगरपालिकाले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(६) उपदफा (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

४. **ठेक्का स्वीकृत गर्नेः** (१) दफा ३ को उपदफा (४) अन्तर्गत प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक नगरपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ । यसरी वोलपत्र/सिलवन्दी दरभाउपत्र स्वीकृत गर्नु अघि सुनुवाईको अवसरको लागि ७ दिनको म्याद राखि वेभपेजमार्फत आशयको सूचना जारी गर्नुपर्नेछ।

(३) दफा ३ को उप दफा (४) को खण्ड (क) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्नेवालाको डाँक तत्कालै दफा ३ को उपदफा (५) बमोजिमको धरौटी वा वैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ।

(४) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार दफामा उल्लिखित अधिकारीहरुलाई सोही दफाहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

५. **पट्टा दिने र कबुलियत गराउनेः** (१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने नगरपालिका वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा स्थानीय पालिकाका सदस्य एक जना समेतस्थानीय व्यक्तिहरु चार जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिनेछ ।

तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जुर गरे ठेक्का बन्दोबस्त गर्ने नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जुर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ। यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम

नगरपालिकाले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रकृया पुर्याई पुनः बोलपत्र आव्हान गर्नुपर्नेछ ।

(४) नगरपालिकाले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । नगरपालिकाको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ । सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले नगरपालिकालाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असुल उपर गरी लिनु पर्नेछ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैंङ्कको कम्तीमा छ महिना म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची— २ बमोजिम कवुलियत गराई अनुसूची—३ बमोजिम पट्टा दिनु पर्नेछ ।

(६) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३ को उपदफा (५) बमोजिम राखेको जमानत जफत भई नगरपालिकाको कोषमा दाखिला हुनेछ ।

६. **ठेक्का रकमको किस्ता बुझाउने तरि**काः (१) नगरपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असुल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असुली कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्यतालिका बनाउँदा राजश्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशतसम्म छुट दिन सकिनेछ । तर यस्तो छूटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनुपर्नेछ ।

७. **ठेक्का तोड्नेः** (१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोडन हुँदैन ।

(२) कुनै ठेकेदारले नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असुल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवा शुल्क वा दस्तुर असुल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असुल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असुल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित नगरपालिकाले फिर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असुल उपर नभएमा सरकारी बाँकी सरह असुल उपर गरी निजको नाम कालो सूचीमा राखी अन्य स्थानीय तह, प्रदेश र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्ते ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असुली कार्यतालिका बमोजिम गरी महशुल असुल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट नगरपालिकालाई भएको नोक्सानी र नगरपालिकाले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतबाट असुल नभए निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने सम्बन्धित नगर सभाले सो बमोजिम असुल गर्नु पर्ने रकममध्ये राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

(६) नगरपालिकाले ठेक्का बन्दोबस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीमा उल्लिखित कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदारलाई भएको हानी नोक्सानी नगरपालिकाले व्यहोर्नु पर्नेछ ।

८. बक्यौता रकम असुली सम्बन्धी व्यवस्थाः (१) नगरपालिकाले विभिन्न कारणवाट असुल हुन नसकी बाँकी रहेको बक्यौता रकम असुल गर्न बक्यौता असुली कार्ययोजना वनाई रकम असुल उपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असुल गर्नुपर्ने रकम असुलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असुली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई नगरपालिकाले असुली अङ्कको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असुली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असुल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असुल उपर गर्नु पर्नेछ।

## परिच्छेद ३
## विविध

९. **बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकारीः** (१) आन्तरिक आय ठेक्काका लागि देहायका रकमको बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः

(१) पच्चीस लाख पचासहजार रुपैयासम्म प्रमुख प्रशासकीय अधिकृतले,

(२) पचास लाख रुपैयाँसम्म प्रमुखले,

(३) पचास लाख रुपैयाँ भन्दा माथि नगर कार्यपालिकाले

१०. **स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र भएकासँग खरिद गर्नुपर्नेः** (१) नगरपालिकाले ठेक्का लगाउदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट समेत खरिद गर्न सकिनेछः—

(क)एक प्राकृतिक व्यक्तिबाट एक आर्थिक वर्षमा एकलाख रुपैयाँ भन्दा कम रकमको सेवा लिनु पर्दा,

(ख)मूल्य अभिबृद्धि कर नलाग्ने माल सामान खरिद गर्दा,

११. सिलबन्दी दरभाउपत्र सम्वन्धी व्यवस्थाः (१) दशलाख रुपैंयाँसम्मको आन्तरीक आयको ठेक्का व्यवस्थापन गर्दा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिनेछ ।

(२) सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले अनुसुची–१ उल्लेख भएको रकम तिरी नगरपालिकाबाट दरभाउपत्रको फाराम खरिद गरी सोही फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

१२. बोलपत्र सम्वन्धी **दस्तुरः** (१) बोलपत्र सम्वन्धी कागजात खरिद गर्न चाहने इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले अधिकार प्राप्त अधिकारी वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र सम्वन्धी कागजात नगरपालिकाबाट अनुसुची १ मा उल्लेख बमोजिमको दस्तुर तिरी लिनु पर्नेछ ।

(२)कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले उपदफा (१) बमोजिमको दस्तुर र लाग्ने हुलाक वा कुरियर महसुल तिरी बोलपत्र सम्वन्धी कागजात वा प्रस्ताव आव्हान सम्बन्धी कागजात पठाई दिन लिखित अनुरोध गरेमा कार्यालयले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई हुलाक वा कुरियर मार्फत बोलपत्र सम्बन्धी कागजात पठाई दिनसक्नेछ।

त्यसरी पठाउँदा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बोलपत्र सम्वन्धी कागजात समयमा प्राप्त गर्न नसकेका कारण कार्यालयलाई कुनै उजुरवाजुर गर्न पाउनेछैन।

(३) नगरपालिकाले बोलपत्रदातालाई कर असुल गर्ने स्थलको यथार्थ जानकारी दिन सम्बन्धित स्थलको भ्रमण गराउन सक्नेछ ।

१३. **संशोधन तथा वाधा अड्काउ फुकाउने अधिकारः** (१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा वा संशोधन गर्नुपरेमा त्यस्तो वाधाअड्काउ फुकाउन तथा संशोधन गर्न कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

१४. **बचाउः** (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो कार्यविधि लागू हुनुपूर्व भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची — १

## बोलपत्र सम्वन्धी दस्तुर

(क) दशलाख रुपैयाँसम्मको लागि एक हजार रुपैया,

(ख) दशलाख भन्दा माथि दुई करोड रुपैयाँसम्मको लागि पाँच हजार रुपैया,

(ग) दुई  करोड भन्दा भन्दा माथि पाँच करोड रुपैयाँसम्मको लागि दश हजार रुपैयाँ,

(घ) पाँच करोड रुपैयाँ भन्दा माथि १५ करोड रुपैयाँसम्मको लागि पन्ध्र हजार रुपैयाँ,

(ङ) पन्ध्र करोड रुपैयाँ भन्दा माथि जतिसुकै रकमको लागि बीस हजार रुपैयाँ ।

अनुसूची — २

कबुलियतको फाराम

लिखितम.....को नाती ... को ..... छोरा ..... बस्ने वर्ष ............ को आगे तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिम क्षेत्रमा नगरपालिकाको रकम ठेक्का बन्दोबस्त गर्ने गरी यस नगरपालिकाबाट आमन्त्रित गरिएको मिति सूचना नं ................. अनुसार तपाई समेतले दिनु भएको बोलपत्र बढाबढको व्यहोरा पेश हुदाँ आर्थिक वर्ष... ................... ठेक्का बन्दोबस्त गर्न मिति ............................को रु .................................मा ठेक्का दिने गरी तपाईसँग ...................................... मा यस नगरपालिकाबाट निर्णय भएको हुदाँ उपर्युक्त निर्णयानुसार तपसिलको शर्त बमोजिमका स्रोतबाट तपसिल बमोजिमको क्षेत्रमा नगरपालिकाको तर्फवाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जूरी भै आउनु भएको हो होइन भनी आज मलाई सोधनी हुदाँ मेरो चित्त वुझ्यो । यसमा तपसिलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मन्जूरी भै उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटी बढी नपारी कामकाज गरी तपसिलमा लेखिए बमोजिमको मिति भित्र नगरपालिकालाई

किस्ताको रकमः एकमुष्ट रु. ...............................सम्म बुझाई मिति ................ देखि मिति......... आथिर्क वर्षको निमित्त ठेक्का चलाउने छु । पछि मैले कुनै कुरामा उजूर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसँग रकम चलनको कबुलियत लेखी यस नगरपालिकामा चढाएँ ।

**तपसिल**

१. तपसिलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष ....................को रु. ......................, आर्थिक वर्ष .......... को रु. .................... तथा आर्थिक वर्ष .......... को रु. .................... समेत गरी जम्मा रु. ........................... को ठेक्का रकम प्रति किस्ता रु. ............................ का दरले जम्मा ........... किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी .................. साल .......... गतेदेखि .......... सम्मलाई प्रचलित कानूनको अधिनमा रही नीलकण्ठ नगरपालिकाको आय संकलन गर्नेछु ।
२. उक्त आय संकलन गर्नका निमित्त स्थानीय तहको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको स्थानीय निकायबाट यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी नीलकण्ठ नगरपालिकालाई

किस्ता रकम बुझाउनेछु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

३. सो आय संकलन गर्न नीलकण्ठ नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दै-दस्तुर इत्यादि लगाई लिइने छैन र यस नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको नगरपालिकाबाट अनुगमन हुदाँ पाईएमा नियमानुसार कारवाही र सजाय मलाई मन्जुर छ ।
मैले यस रकम बापत बुझाउनु पर्ने देहायको पहिलो किस्ता पट्टा कबुलियत भएका दिन आजै बुझाउनु पर्ने रु.. ....... सूचनामा उल्लेख भएको नगरपालिकाको बैंक खातामा जम्मा गरेको नगद बैंक भौचर यसैसाथ संलग्न गरेको छु ।

४. अन्य किस्ताको हकमा तोकिएको मिति ......................... भित्र यस नीलकण्ठ नगरपालिकामा बुझाउँदै जानेछु ।

५. यो आय संकलन ठेक्का कबुलियतगरी चलन पूर्जी लिनको लागि कुल ठेक अंक रु. ............. बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको सम्म म्याद रहेको परफरमेन्स वण्डर/ नगद नगरपालिकाको .......................... बैंकमा रहेको खाता नं. ............. df नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु ।

६. अन्य आवश्यक कुरा केही भएमा ....................... किस्ताबन्दीः . ..............साल ..............गतेदेखि ..............साल .............. तक .............. वर्ष.............. महिनाको .............. जम्मा रु. .............. साल .............. तक.............. वर्ष १ को रु. .............. पहिला किस्ता पट्टा कबुलियत भएको आजै .............. बुझाउनु पर्ने रु. .............. दोश्रो किस्ता रु. .............. साल.............. नगरपालिकामा बुझाउने ......... तेश्रो किस्ता नगरपालिकामा बुझाउने रु. .............. ..............साल.............. गते

| ठेकेदार वा निजको वारेस: | नगरपालिकाको तर्फबाट: |
|---|---|
| दस्तखतः | अधिकारीको दस्तखतः |
| नाम थरः | नाम थरः |
| ठेगानाः | पदः |
| बाबुको नामः | कार्यालय |
| बाजेको नामः | |

साक्षीको नाम, थर, ठेगाना र दस्तखतः

१.

२.

इति सम्वत् .............. साल..............गते ..............राज..............शुभम्।

## अनुसुची ३

## नीलकण्ठ नगरकार्यपालिकाको कार्यालय

## पट्टाको फाराम

नीलकण्ठ नगरपालिकाबाट श्री .................................. को नाती .................................. को छोरा .................................. बस्ने वर्ष.................................. को श्री ..................................ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ...... बमोजिम ..................................स्रोतबाट तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी नीलकण्ठ नगरपालिकाबाट माग गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्र वा बढाबढ वा................. (अन्य व्यवस्था) को व्यहोरा पेश हुदाँ आर्थिक वर्ष.............. को लागि रु.................................. अक्षरेपि..................................मा ठेक्का दिने गरी तपाईका साथ ठेक्का बन्दोबस्त गर्ने मिति ............................ मा नगरपालिकाबाट निर्णय भएको हुदाँ उपर्युक्त निर्णयानुसार तपसिलको शर्त बमोजिम तपसिलमा लेखिएको आय संकलन गर्न मन्जुरी भै कबुलियत गरी दिनु भएको हुदाँ तपाईको कबुलियत बमोजिम तपसिलमा लेखिएको शर्तमा कति घटी बढी नपारी तपसिलमा लेखिए बमोजिम तपसिलमा तोकिएका मिति भित्र तोकिएको ठाउँमा चाहिने ............................किस्ताको रुपैया बुझाई मिति ............................ देखि मिति............................ सम्मको निम्ति देहाय बमोजिमका श्रोतहरुबाट देहाय बमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नु होला । तपाईले गरी दिनु भएको कबुलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर, सेवाशुल्क वा दस्तुर असुल गरेको वा स्थानीय तहले कर, सेवा शुल्क वा दस्तुर असुल गरेको प्रमाण हुदाँ हुदै दोहोरो हुने गरी कर, सेवा शुल्क वा दस्तुर असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिने छ। पछि तपाईको कुनै कुरामा उजूर दाबी लाग्ने छैन भनी आजै यस नीलकण्ठ नगरपालिकाबाट ठेक्का चलनको पूर्जी गरी दिइएको छ ।

### तपसिल

१. तपसिलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष .................. को रु. .................. आर्थिक वर्ष .................. को रु. .................. आथिर्क वर्ष .................. को रु. .......................... समेत गरी जम्मा रु. .................. को ठेक्का रकम प्रति किस्ता रु. .................. का दरले जम्मा .................. किस्तामा देहायको म्यादभित्र किस्ता ठेक बुझाउने गरी .................. साल .................. गतेदेखि .................. साल तकलाई प्रचलित कानूनको अधीनमा रही रकम चलन गर्ने।

२. उक्त आय संकलन गर्नका निमित्त नगरपालिकाको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको नगरपालिकाबाट यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकीएको दरमा कर, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी नीलकण्ठ नगरपालिकालाई किस्ता रकम बुझाउने छु। यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्ने ।

३. सो आय संकलन गर्न यस नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दै— दस्तुर इत्यादि लगाई लिइने छैन र नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको कुरा यस नगरपालिकाबाट अनुगमन हुदाँ पाईएमा नियमानुसार कारवाही र सजाय गरिनेछ ।

४. अन्य किस्ताको हकमा दोश्रो किस्ता रु. .................. मिति .................. भित्र र तेस्रो किस्ता रु. .................. मिति.................. भित्र नीलकण्ठ नगरपालिकामा बुझाउनु पर्नेछ।

५. यसमा निमयानुसार लाग्ने मूल्य अभिबृद्धि कर तपाईकै तर्फबाट आन्तरिक राजश्व कार्यलयमा बुझाउनु पर्नेछ ।

६. यसमा नियमानुसार लाग्ने आयकर तपाईकै तर्फबाट नियमानुसार आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ ।

७. अन्य आवश्यक कुरा केही भएमा .................. किस्ताबन्दीः.................. साल.................. गते देखि .................. साल.................. तक.................. वर्ष .................. महिनाको जम्मा रु. .................. साल .................. तक वर्ष १ को रु. .................. पहिला किस्ता पट्टा कबुलियत भएको आजै .................. वुझाउनुपर्ने रु. ..................

दोश्रो किस्ता............साल........गते नीलकण्ठ नगरपालिकामा बुझाउने रु. ..................

तेश्रो किस्ता.. .................. साल ......... गते नीलकण्ठ नगरपालिकामा बुझाउने रु. ..................

इति सम्वत् .................. साल .............गते रोज ......शुभम्।

**आज्ञाले,**
**पुरुषोत्तम सुवेदी,**
**प्रमुख प्रशासकीय अधिकृत**